मिति : २०६९/४/७

छलफल तथा निर्णयहरु

१. चालु वर्षको बजेट तथा स्वीकृत गर्नुपर्ने वार्षिक कार्यक्रम सम्बन्धमा एक तृतीयाँस बजेटको प्रावधानवाट द्विविधा पर्न गएको कारण सो हटाउन आयोगले राखेको प्रस्ताव सम्बन्धमा अर्थ मन्त्रालयका सचिवबाट प्रष्ट्याउने कार्य भयो । साथै, कतिपय सहमतिबाट जानुपर्ने कुराहरूको हकमा अर्थ मन्त्रालयले सवै सचिवहरूलाई छलफलको लागि तुरून्त आमन्त्रण गरी पर्न गएको द्विविधालाई हटाउने निर्णय गरियो ।

२. रा.यो.आ.को डा. हर्क गुरूङ हलको प्रयोग वारे मानव संसाधन महाशाखाले गरेको प्रस्ताव सम्बन्धमा छलफल हुँदा, सम्माननीय प्रधानमन्त्री प्रमुख अतिथि हुने वा वहाँले अध्यक्षता गर्ने जुनसुकै वैठक र पूर्ण सरकारी कार्यालयका कार्यक्रमहरू बाहेक अन्य संस्था तथा व्यक्तिलाई प्रयोग गर्न नदिने । यस्को जानकारीको लागि राष्ट्रिय योजना आयोगको Website मा राखी सबै मन्त्रालयहरूलाई पनि जनाउ दिने निर्णय गरियो

३. करार सेवामा काम गर्ने कर्मचारीहरूको सेवा सुविधा तथा सेवा सर्तका विषयमा सवै सरकारी निकायहरूमा एकरूपता कायम गर्नु उपयुक्त हुने हुँदा यस वारेमा अर्थ मन्त्रालयमा लेखी पठाउने र सोही वमोजिम करार गर्ने निर्णय गरियो ।

४. चालु त्रिवर्षीय योजनाको मध्यावधि मूल्याङ्कनका लागि मा. सदस्य जनकराज शाहज्यूको नेतृत्वमा आर्थिक व्यवस्थापन महाशाखाले गराउने । मूल्याङ्कन गराउदा Baseline data संकलन कार्य लगायत Sectoral कार्यहरू शाखा/महाशाखाहरूले गर्ने तर Cross Cutting Issues र अन्तर-मन्त्रालय सम्बन्धी कुराहरू र Macro Economic Analysis गर्ने विषयमा Third Party विज्ञता लिने । मूल्याङ्कनमा खटिने सचिवालयका कर्मचारीहरूलाई दिइने आर्थिक सुविधा सम्बन्धमा अर्थ मन्त्रालयको सहमतिको लागि लेखि पठाउने निर्णय गरियो ।

५. कृषि तथा ग्रामिण विकास महाशाखाबाट प्रस्तुत राष्ट्रिय विकास स्वयंसेवाले स्वयंसेवक नियुक्ति गर्दा औंल्याइएको CTEVT को लब्धाङ्क पत्रमा भएको तमाम त्रुटीहरू तहाँवाट स्वीकार गरिसकेको र यसवाट CTEVT, शिक्षा मन्त्रालय र नेपालकै राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा रहेको साख गुम्न जाने स्थिति रहेकोले यस्को स्थायी समाधानका लागि राष्ट्रिय सर्तकता केन्द्रलाई कार्यार्थ लेखी पठाउने र सो को जानकारी प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय र शिक्षा मन्त्रालयमा समेत गराउने निर्णय गरियो ।

६. UN-ESCAP को APCTT वाट Policy Makers Forum on "Policy Analysis, Formulation and Development of Policy Instruments for Promoting Renewable Energy Technology Transfer and Adoption" विषयमा 23-24 July, 2012 मा फिलिपिन्सको मनिलामा सञ्चालन हुने कार्यक्रममा सहभागिताको लागि व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (RECAST) ले यस आयोगलाई नीति निर्माणको तहमा कार्यरत् एक वरिष्ठ अधिकारीलाई मनोनयन गरी पठाउन निमन्त्रणा पत्र पठाएकोमा सो बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूबाट यस आयोगका मा.सदस्य श्री जनकराज शाहलाई पठाउने गरी मिति २०६९/३/१५ मा टिप्पणी स्वीकृत भै सो मनोनयन ऐ २०६९/३/२८ को मं.प.बैठकमा निर्णय भएकोमा RECAST ले सोही कार्यक्रममा सहभागिताको लागि Alternative Energy Promotion Center (AEPC) का एक तालिम अधिकृतलाई सहभागिताको लागि मनोनयन गरेको भन्ने बुझिएकोले उक्त कार्यवाट नेपाल सरकार (मं.प.) को निर्णयको अनादर भै निर्णयको उल्लंघन समेत गरिएको देखिँदा तत्सवन्धमा सत्यतथ्य छानवीन गरी कार्य शुरू भएको एक हप्ताभित्र प्रतिवेदन पेश गर्न यस आयोगका सदस्य मा.प्रा.डा.शिवकुमार राईज्यूको संयोजकत्वमा सह सचिव श्री आत्माराम पाण्डे र उप सचिव (कानून) श्री आलोकचन्द्र श्रेष्ठ सदस्य रहेको एक छानवीन समिति गठन गर्ने र तत्सम्बन्धमा यस आयोगको सचिवालय तर्फवाट हुन गएको ढीलासुस्ती, लापरवाही

लगायतका कार्यको लागि सम्बद्ध कर्मचारीलाई आवश्यक कारवाही गर्न सदस्य सचिवलाई निर्देशन दिने ।

७. राष्ट्रिय योजना आयोगका मा.उपाध्यक्ष र मा.सदस्यहरूलाई साविक देखि क्रमशः मा.राज्यमन्त्री र मा.सहायक मन्त्री सरहको तलब सुविधा दिई आएको छ । तर घरमा जडान भएको टेलिफोनको वील वमोजिमको रकम सञ्चार सुविधा अन्तर्गत खर्च लेख्दै आएकोमा हालको परिस्थितिमा टेलिफोन भन्दा मोवाइल खर्च दिन सान्दर्भिक देखिएको हुँदा बील वमोजिमको टेलिफोन खर्चको सट्टा नेपाल सरकारको राज्यमन्त्री र सहायक मन्त्रीले पाउने मासिक सञ्चार सुविधा (मोवाइल खर्च) प्रतिमास रू.३,०००।- पारिश्रमिक खर्च लेख्दा एकमुष्ट उपलब्ध गराउन मनासीव हुने र वहाँहरूको लागि नियमित लुगा भत्ताको व्यवस्था नभएको हुँदा विदेश भ्रमणमा यथोचित रकम उपलब्ध गराउन समेत अर्थ मन्त्रालयलाई लेखी पठाउने निर्णय गरियो ।

८. कृषि तथा ग्रामिण विकास महाशाखाबाट प्रस्तुत चीन सरकारको सहयोगमा संचालन हुने Buddist Philosophy Promotion and Monastries Development आयोजना संचालनमा सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

९. चालू आ.व.का सवै आयोजनाहरू (P1, P2 र P3) को कार्यक्रम रा.यो.आ.वाटै स्वीकृत गर्ने गरी अर्थ मन्त्रालयवाट विभिन्न मन्त्रालयहरूलाई दिइएको अख्तियारीमा उल्लेख भएकोले सवै महाशाखा/शाखाहरूको यथाशिघ्र कार्यक्रम स्वीकृतिको लागि व्यवस्था मिलाउने निर्णय गरियो ।